म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २७० २०८१ भदौ ७ गते शुक्रबार 23 August 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

DOWNTOWN PIZZA
THE BEST PIZZA IN TOWN
FREE HOME DELIVERY
☎ 9802593651 / 9802593652
S creative foods Hetauda 4 Parijatpath

मनहरीमा भैंसीको प्रतिकारमा बाघको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरीमा भैंसीको प्रतिकारमा बाघको मृत्यु भएको छ। बिहिबार बिहान ३:१५ बजेको समयमा मनहरी गाउँपालिका-६ प्रतापपुरस्थित बल बहादुर राईको गोठमा बाँधिराखेको भैंसीलाई आक्रमण गर्न आएको बाघको भैंसीको प्रतिकारमा मृत्यु भएको हो ।

सामान्यतः सुन्दा पनि अपत्यारिलो र अचम्म लाग्ने घटनाको रुपमा भैंसीको आक्रमणबाट बाघको मृत्यु भएको घटना बिहिबार सामाजिक सञ्जालमा भाइरल बन्यो । भैंसीलाई आक्रमण गर्न गएको ८ वर्ष उमेरको बाघको प्रतिकारका क्रममा मृत्यु भएको चितवन राष्ट्रिय निकुञ्जले जनाएको छ । राईको गोठमा बाँधेको भैंसीलाई बाघले आक्रमण गर्दा भैंसीको घाँटीमा चोट लागेको छ। बाघको आक्रमणबाट बच्न प्रतिकार गर्ने क्रममा भैंसीले बाघलाई हानेर मारेको चितवन राष्ट्रिय निकुञ्जका अधिकारीको भनाइ छ ।

एक महिनाअघि ब्याएको सो भैंसीको पाडो ५ दिन अगाडिमात्र मरेको थियो । पाडोसँगको बिछोडका कारण भैंसीले लात्तीले हान्ने, रिसाउने व्यवहार गर्दै आएको थियो । यसैबीच केही दिनदेखि उक्त क्षेत्रमा बाघ घुमिरहेको थियो। सोही क्रममा बाघ राईको गोठमा प्रवेश गरेको वडाध्यक्ष युवराज थपलियाले जानकारी दिनुभयो। घटनाबारे जानकारी पाएलगत्तै वडाध्यक्ष थपलिया घटनास्थल पुगेर निकुञ्ज तथा प्रहरीलाई खबर गर्नुभयो । प्रहरी टोली र पर्सा राष्ट्रिय निकुञ्जको सुरक्षाका लागि खटिएको मध्यवर्ती क्षेत्र पदमपोखरी सेक्टर, लामिटार ब्यारेकबाट नेपाली सेनाको टोली घटनास्थल पुगेको थियो। घटनास्थलको प्रारम्भिक अनुसन्धानबाट बाघ बुढो रहेकाले भैंसीले हान्दा मरेको हुनसक्ने खुल्न आएको थियो। घटनास्थल चितवन राष्ट्रिय निकुञ्जअन्तर्गत पर्ने भएकाले बिहान ६:१५ बजे चितवन राष्ट्रिय निकुञ्जको सुरक्षा सेक्टर सौराहा ब्यारेकबाट खटिएको नेपाली सेनाको टोलीले मृत बाघ अनुसन्धानका लागि जिम्मा लिएको थियो ।

कसरी मऱ्यो बाघ ?

८ वर्ष उमेरको बाघ शिकार गर्न कमजोर हुने कुरै भएन। सक्रियरुपमा शिकार गर्ने उमेरको बाघ भैंसीको प्रतिकारबाट मर्नु नौलो कुरा पक्कै हो । तर, कसरी ? यो अचम्मको कुरा हो । बाघको औसत उमेर १५ वर्ष हो । त्यो समयमा बाघले आफ्नो आहारा जंगलमा नै भेटाउने र खोज्ने काम गर्न सक्ने चितवन राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत (वार्डेन) डिलबहादुर पूर्जा पुनले जानकारी दिनुभयो। उहाँका अनुसार सक्रियरुपमा शिकार गरेर आफू बाँच्न सक्ने उमेर १५ वर्ष भएकाले सोपश्चात् बाघहरु मर्छन्, अन्यथा बस्ती र गाउँ पस्ने गर्छन् । शिकार गर्न नसक्ने अवस्थाको बाघलाई समयमा नै रेस्क्यु गर्न सकियो भने २/४ वर्ष बचाउन सकिने उहाँले बताउनुभयो ।

चितवन राष्ट्रिय निकुञ्जले बाघको पोष्टमार्टम गरेको छ । पोस्टमार्टम गर्दा बाघको शरीरका विभिन्न भागमा घाउहरु भेटिएको वार्डेन पुनले बताउनुभयो । पोष्टमार्टममा बाघले २ हप्ता अघिदेखि आहारा खान नपाएको देखिएको उहाँको भनाइ छ। २ हप्तादेखि भोकाएको बाघले आहारा खोज्ने क्रममा गाउँ पसेको उहाँले बताउनुभयो। खान नपाएको बाघ भैंसीको शिकार गर्न गोठमा पसेको हुनसक्ने उहाँले बताउनुभयो । पोष्टमार्टममा उक्त बाघ जंगलका अन्य बाघहरुसँग जुधेर घाइते भएको देखिएको वार्डेन पुनले बताउनुभयो ।

'पोष्टमार्टम हेर्दा बाघ २ हप्तादेखि आहाराविहीन थियो । जंगलमा भौंतारिने क्रममा सो बाघ अन्य बाघहरुसँग पनि जुधेको देखिन्छ', वार्डेन पुनले भन्नुभयो, 'जंगलमा जुधेर घाइते भएको अवस्थामा बाघ गाउँ पसेको हो । बाघले बाँच्ने अन्तिम प्रयासका रुपमा भैंसीलाई आक्रमण गरेको हो ।' कमजोर अवस्थामा बाँच्ने प्रयासमा भैंसीलाई आक्रमण गर्दा बाघभन्दा भैंसीको प्रतिकार शक्तिशाली भएको उहाँको भनाइ छ। अनुसन्धानका क्रममा भैंसी रिसाहा प्रवृत्तिको र पीडामा रहेको बुझिएको उहाँले बताउनुभयो । भैंसीले आफ्नो सन्तान गुमाएको अवस्थामा प्रतिकार गर्दा बाघ कमजोर सावित भएर मृत्यु भएको उहाँले बताउनुभयो ।

वार्डेन पुनका अनुसार पोष्टमार्टममा बाघको टाउकोमा बढी चोट देखिएको छ । बाघले भैंसीको गर्धनमा आक्रमण गर्दा भैंसीको प्रतिकारबाट टाउकोमा चोट लागेको उहाँले बताउनुभयो । आहारा नभेटेको र अन्य बाघहरुसँग जुधेर कमजोर भएको अवस्थामा भैंसीलाई आक्रमण गर्दा प्रतिकारबाट बाघको मृत्यु भएको उहाँले बताउनुभयो । समयमा नै बाघलाई रेस्क्यु गर्न सकेको भए ३/४ वर्ष सो बाघ बाँच्न सक्ने उहाँले बताउनुभयो । बाघ गाउँ पसेको विषयमा निकुञ्जलाई कुनै जानकारी नहुँदा घटना भएको उहाँले जानकारी दिनुभयो ।

बाघविज्ञ रमेश थापाका अनुसार घटनाबारे बुझ्दा बाघ निकै कमजोर भएकाले आक्रमण गर्न नसक्दा मृत्यु भएको हो। धेरै दिनदेखि भोकाएको र बाघ निकै दुब्लो रहेकाले भैंसीसँग प्रतिस्पर्धा गर्न नसक्दा मरेको उहाँले बताउनुभयो। 'दाँत र नङ्ग्रा बाघका प्रमुख हतियार हुन् । मृत्यु भएको बाघ अन्य बाघहरुसँग जुध्दै विस्थापित भएर त्यहाँसम्म आएको हुनसक्छ', बाघविज्ञ थापाले भन्नुभयो, 'सामान्य अवस्था भन्दा पनि दुब्लो अवस्थाको बाघले आहाराका लागि भैंसीलाई आक्रमण गऱ्यो। तर, शिकार गर्न सकेन। फलस्वरुप भैंसीको प्रतिकारमा बाघको मृत्यु भएको हो ।' बाघसँगको प्रतिस्पर्धामा भैंसीको सिङले बाघको टाउकोमा प्रहार भएको र बाघको मृत्यु भएको हुनसक्ने उहाँले बताउनुभयो ।

तामाङको इतिहास स्थापित भएको छः मुख्यमन्त्री लामा

९२ औं तामाङ पहिचान दिवसको अवसरमा हेटौंडामा बिहिबार आयोजित कार्यक्रममा सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामा ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले तामाङ जातिको इतिहास स्थापित भएको बताउनुभएको छ । बिहिबार नेपाल तामाङ घेदुङ संघ मकवानपुरले आयोजना गरेको ९२ औं तामाङ पहिचान दिवसको अवसरमा बोल्नुहुँदै उहाँले अहिले तामाङ जातिको बाहुल्यता रहेको बागमती प्रदेशमा तामाङ भाषा सरकारी कामकाजी भाषाको रुपमा कार्यान्वयन भएको भन्नुहुँदै यसले इतिहास स्थापित भएको बताउनुभयो ।

आफु प्रदेशमा आर्थिक मामिला मन्त्री हुँदादेखि नै प्रदेशमा तामाङ र नेपाल भाषालाई सरकारी कामकाजी भाषाको रुपमा कार्यान्वयन गर्न जिम्मेवार भएर लागेको उहाँले बताउनुभयो । प्रदेश सरकारले तामाङ भाषालाई कामकाजी भाषा बनाई इतिहासलाई जोगाउने काम गरेको र यसलाई सम्पत्तिको रुपमा लिनुपर्ने बताउनुभयो । अहिले तामाङको पहिचान सावित भएको भन्नुहुँदै उहाँले यसलाई जोगाउन अझै धेरै काम गर्न आवश्यक रहेको बताउनुभयो ।

उहाँले प्रदेश सरकारले सदनबाट तामाङ र नेपाल भाषा कार्यान्वयनका लागि भाषा अनुवादक राख्ने गरी तयारी गरिरहेको बताउनुभयो । प्रदेशमा पहिलो पटक तामाङले नेतृत्व गर्न पाउँदा सबैमा उमंग छाएको भन्नुहुँदै उहाँले यसलाई निराशामा परिणत हुन नदिने बताउनुभयो। उहाँले सबैको सुझावलाई लिएर काम गर्ने बताउनुभएको छ। कार्यक्रममा घेदुङले मुख्यमन्त्री लामालाई सम्मान गरेको छ । प्रदेशमा पहिलो पटक तामाङ समुदायबाट मुख्यमन्त्री बन्नुभएको भन्दै लामालाई सम्मान गरिएको हो ।

कार्यक्रममा तामाङ संस्कृति झल्किने नृत्य, गीत प्रस्तुत गरिएको थियो। घेदुङले २०८० सालको एसईईमा उत्कृष्ट नतिजा ल्याउन सफल १५ जना तामाङ विद्यार्थीलाई सम्मान समेत गरेको छ । सम्मानित हुनेमाहरुमा असल पाखिन, चाँदनी तामाङ, श्रेय तामाङ, विनिशा तामाङ, वर्षा लामा, कञ्चन स्याङ्तान, आशिष थिङ, ऋषिशन लामा, पियुसा गोले, सेन्जी लामा, रोनिष तामाङ, सिवाङ्गी गोले, निमा थोकर, रविन्द्र तामाङ, प्रशान्त तामाङ र प्रज्वल तामाङ रहेका छन् ।

तामाङ घेदुङ संघ मकवानपुरका अध्यक्ष कालु घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सरकारकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री सुकमाया तामाङ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान, मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान, तामाङ घेदुङ संघका केन्द्रीय सदस्य मेम्बर लो र बागमती प्रदेश अध्यक्ष लिलाकुमार घलान लगायतको आतिथ्य रहेको थियो ।

बारा प्रहरीद्वारा झण्डै डेढ करोडको अवैध सामान बरामद

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय बाराले करिब डेढ करोड रुपैयाँको अवैध सामानसहित ३ वटा ट्रकलाई नियन्त्रणमा लिएको छ । विशेष सूचनाको आधारमा गाडीहरुलाई रोकी सुरक्षाजाँच गर्दा स्रोत नखुलेको सामानहरु पाइएपछि सामानसहित ट्रकहरुलाई नियन्त्रणमा लिइएको हो ।

प्रहरीले तीन वटा ट्रकबाट १ करोड २९ लाख रुपैयाँको सामान बरामद गरेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय बारा र इलाका प्रहरी कार्यालय जीतपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले बुधबार राति ९ बजेर ४५ मिनेटको समयमा जीतपुर सिमरा उपमहानगरपालिका-७ मा वीरगञ्जबाट पथलैयातर्फ जाँदै गरेको ना ४ ख ८८७५ नम्बरको ट्रकबाट ३३ लाख ३२ हजार २ सय २६ रुपैयाँ बराबरको नरिवल, हार्डवेयर लगायतका सामग्री नियन्त्रणमा लिएको छ ।

सोही स्थानबाट राति ११ बजेर ३० मिनेटको समयमा वीरगञ्जबाट पथलैयातर्फ जाँदै गरेको ना ७ ख ५९२६ नम्बरको ट्रकलाई नियन्त्रणमा लिएर २८ लाख ९५ हजार ७ सय १३ रुपैयाँ बराबरको महिला सुटलगायतका सामानहरु नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ। यस्तै, बुधबार

...बाँकी पृष्ठ ३ मा

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

BAJAJ
BAJAJ LOVED IN 70 COUNTRIES
साटा-साट
UPGRADE गर्ने यहि हो मौका
यही २०८१ भाद्र २ देखि ७ गते सम्म
नेपालको सर्वाधिक बिक्री हुने बजाज बाईकको UPGRADE मा पाउनुहोस्
RS. 6000/- CASH DISCOUNT
RS. 6000/- ADDITIONAL VALUATION
FREE ACCESSORIES
EASY FINANCING @ 36 MONTHS
UPGRADE गरौं विश्वासमा
UPGRADE गरौं DUAL CHANNEL ABS मा
NEW ARRIVAL
UPGRADE गरौं FI BS6 मा
के तपाईलाई आफ्नो बाईक को VALUATION यो EXCHANGE मेलामा ठिक लाग्यो...
यदि लागेन भने 9801575555 मा CALL गर्नुहोस् ।
HORIZON AUTO PVT LTD
HETAUDA, 9801368461, 9855068461

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

शर्तबिनाको सम्झौता

पछिल्लो समय सार्वजनिक पद धारण गरेका व्यक्तिसँग माथिल्लो वा कार्यकारी पदमा रहेका व्यक्तिले कार्यसम्पादन सम्झौता गर्ने लहर नै चलेको छ । तोकिएको लक्ष्य तथा निर्धारित योजनाअनुसार कार्यसम्पन्न गर्ने/गराउने जिम्मेवार पदमा रहेका व्यक्तिसँगै सोही कामका लागि अलग्गै कार्यसम्पादन सम्झौता गर्नु कति औचित्यपूर्ण हुन्छ ? बहसको विषय बन्नुपर्छ । निश्चित काम गर्ने जिम्मेवारी लिएका/पाएका व्यक्तिसँग निकै तामझामसाथ कार्यसम्पादन सम्झौता गर्नु र त्यसलाई सञ्चार माध्यमबाट व्यापक प्रचार गराउनुलाई थप अर्थपूर्ण मान्नुपर्ने हुन्छ । जसलाई जे काम गर्न नियुक्त गरिएको छ वा जसले जे काम गर्नुपर्ने जिम्मेवारी छ, उससँग त्यही काम गर्न कार्यसम्पादन सम्झौता गरेर मिडियाबाजी गर्नु पनि एक प्रकारको राजनीति र आम जनताको आँखामा छारो हाल्ने काममात्र हुने गरेको छ ।

बुधबारमात्र बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले आफ्नो मन्त्रिमण्डलका ११ जना मन्त्री र प्रदेशका प्रमुख सचिवसँग कार्यसम्पादन सम्झौता गरेका छन् । सुशासन, सेवाप्रवाह र विकास निर्माणका कामलाई प्रभावकारी बनाउन उनले निर्देशनसमेत दिएका छन् । कर्पोरेट वा व्यावसायिक क्षेत्रमा कार्यसम्पादन सम्झौता गर्ने परिपाटी विश्वभर छ । नेपालमा सार्वजनिक वा सरकारी क्षेत्रमा पनि कार्यसम्पादन सम्झौता गर्न सकिने व्यवस्था विभिन्न ऐन, नियममा छ । सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ को दफा १९ मा कुनै जिम्मेवारी लिएको अधिकारीसँग कार्यसम्पादन करार गर्ने व्यवस्था छ । उक्त ऐनमा करारबमोजिम काम गर्न नसकेमा त्यस्तो व्यक्तिलाई विभागीय कारबाही र नोक्सानको क्षतिपूर्ति भराउनेसमेत व्यवस्था छ । कार्यसम्पादन करारलाई सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावलीमा विस्तृतरुपमा उल्लेख गरिएको छ । निजामती सेवा ऐन, २०४९ को दफा १५ (२) मा पनि कार्यसम्पादन सम्झौताको प्रावधान रहेको छ । निजामती सेवा नियमावली, २०५० को ३४ (ख) मा कार्यसम्पादन सम्झौता सम्बन्धमा विस्तृतरुपमा उल्लेख भएको छ ।

प्रदेश सुशासन ऐन २०७७ को दफा १९ बमोजिम सुशासन कायम गर्न र सरकारका काम कारबाही प्रभावकारी बनाउन कार्यसम्पादन करार सम्झौता गरिएको मुख्यमन्त्री लामाले बताएका छन् । कार्यसम्पादन सम्झौताबाट प्रदेशको बजेट, नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन हुने भन्दै देखिने गरी काम गर्न मन्त्रीहरुलाई निर्देशन दिइएको छ । अब मन्त्री तथा प्रमुख सचिवले आफू मातहतका कर्मचारीसँग पुनः कार्यसम्पादन सम्झौता गर्नेछन् । मन्त्रालय वा कार्यालय वा आयोजनाको काममा सामूहिक जिम्मेवारी हुने हुँदा कसैले पनि उत्तरदायित्व वहन नगर्ने अवस्था हुनसक्ने भएकाले कार्यसम्पादन सम्झौताले कुनै खास पदाधिकारीलाई उत्तरदायी बनाउन मद्दत गर्दछ । अहिले मुख्यमन्त्रीले गरेको कार्यसम्पादन सम्झौताले सोचेजस्तो प्रतिफल दिने विश्वास भने गर्न सकिँदैन । आफ्नो अनुकूलको मन्त्री नियुक्त गर्ने संविधानप्रदत्त अधिकारसमेत प्रयोग गर्न नसक्ने अवस्थाका मुख्यमन्त्रीले फरक गुट वा दलका मन्त्रीलाई सम्झौता पालनामा बाध्य पार्न सक्दैनन् । परिस्थितिसँग आफैंले सम्झौता गरेर आफ्नो पद जोगाउनुपर्ने बाध्यता भएका मुख्यमन्त्रीले अरुसँग कार्यसम्पादन सम्झौता गर्नु हास्यास्पद देखिन्छ ।

कुनै पनि सम्झौता वा करार एकोहोरो हुँदैन । सम्झौता गर्न दुबै पक्ष स्वेच्छाले मन्जुर भएको हुनुपर्दछ । सम्झौता गर्ने माथिल्लो अधिकारीले जिम्मेवारी लिने अधिकारीलाई हस्तक्षेप गर्न र थप कामको लागि निर्देशन दिन मिल्दैन । सम्झौता गरिसकेपछि तोकिएको कार्यसम्पादन हुन सकेन भने त्यसको सजाय वा क्षतिपूर्तिको किटानी हुनुपर्छ । करार वा सम्झौताका सामान्य शर्त तथा बन्देजबिना मुख्यमन्त्रीले गरेको कार्यसम्पादन सम्झौता एउटा कार्यतालिका जस्तो मात्र हो, जुन पूरा नगरे पनि फरक पर्दैन । प्रदेश सरकारको वार्षिक कार्यक्रम र बजेट निर्धारण भइसकेको अवस्थामा खुरुखुरु काम गर्न छाडेर सम्झौता गर्दै बस्नुको खासै अर्थ पनि छैन । मुख्यमन्त्रीले कार्यसम्पादन सम्झौता गरेका मन्त्री कति समय टिक्छन् अनि मन्त्रीले सम्झौता गरेका कर्मचारी कहिले सरुवा हुन्छन् भन्ने ग्यारेन्टी नभएको अवस्थामा गरिने कार्यसम्पादन सम्झौता कसरी परिणाममुखी होला ?

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय ५२०४९५	चित्लाङ इलाका ६२१०००
जिल्ला प्रहरी कन्ट्रोल १००	वारुण यन्त्र १०१
ट्राफिक प्रहरी १०३	बालबालिका खोजतलास केन्द्र १०४
वडा प्रहरी ५२०२९९	बाल हेल्पलाइन १०९८
पशुपतिनगर इलाका ५२०५९८	हेलो सरकार ११११
मनहरी इलाका ९८५५०९०१६१	नेपाल टेलिकम सोधपुछ १९७
भीमफेदी इलाका ६९१४६२	एम्बुलेन्स १०२
पालुङ इलाका ६२०४६७	नेपाल विद्युत प्राधिकरण गुनासो ११५०
फापरबारी इलाका ६२१९८०	

तपाईको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष	: व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
वृष	: व्यापार–व्यवसायमा बढोत्तरी हुने समय योग छ ।
मिथुन	: अध्ययन–अध्यापनका काममा सरिक भइने छ ।
कर्कट	: व्यापार–व्यवसायबाट विशेष लाभ होला ।
सिंह	: वैदेशिक कामबाट विशेष तनाब बढ्ने समय छ ।
कन्या	: प्राविधिक र सीपमूलक कामबाट विशेष लाभ होला ।
तुला	: धार्मिक कृत्यका काममा सरिक भइने समय योग छ ।
वृश्चिक	: हाँके ताकेका कामहरु पूर्ण हुने समय योग छ ।
धनु	: स्वास्थ्यमा सकारात्मक सचेत प्राप्त हुने समय छ ।
मकर	: कार्यक्षमता र प्रतिभा बढाउँने समय योग छ ।
कुम्भ	: परोपकारजन्य कामबाट लाभ प्राप्त हुने छ ।
मीन	: अचल धनको उपयोगबाट लाभ प्राप्त हुने समय छ ।

सिटिईभिटिलाई अघोषित बिघटनतिर कि रिफर्म र रिअर्गनाईज गर्ने ?

रमेश प्रसाद लामिछाने, हेटौंडा

१. प्राविधिक शिक्षासँग सीप जोडिएको छ । सीपको उपयोग नै काम हो, जस्लाई हामी उत्पादन भन्दै आएका छौं । मानव सभ्यताको उद्‍गमकालदेखि नै मान्छेले भोक मेटाउन अर्थात बाँच्नका लागि खानेकुरा खोज्न थाल्यो । शिकार गर्न सिक्यो । शिकारमा हतियार प्रयोग गर्न अझ हतियारलाई धारिलो बनाउन सिक्यो । यी सबै सीप अर्थात प्राविधिक शिक्षाका नतिजा थिए । शिकारी सीपको जंगली युगबाटै मान्छे पशुपालन र कृषिमा जोडियो । यो नयाँ सीपको प्रयोग र रुपान्तरणको युग बन्यो । सयौं वर्षसम्मको प्रयोगबाट खारिएर नयाँ नयाँ ढंगले गर्दै आएका कामहरुलाई परिस्कृत, छरितो, राम्रो र आकर्षक बनाउने सीपहरु सिक्दै प्रयोग गर्दै मान्छेले औद्योगिक युगमा प्रवेश गरेको तथ्य मानव विकासका इतिहासले पुष्टि गरेका छन् । यहि औद्योगिक युगको विकसित अवस्थामा अनेकौं खोज तथा आविष्कार गर्ने मान्छेको समग्र क्षमता अभिवृद्धिको श्रेय प्राविधिक शिक्षालाई नै जान्छ । शिक्षामा प्राविधिक पक्ष झिकिदिने हो भने शिक्षाको सार हुँदैन भन्न सकिन्छ । खानेकुरा पकाएर खान योग्य बनाउने कामदेखि अन्तरिक्षसम्मको मानव जातिको यात्रामा प्राविधिक शिक्षाले नै काम गरेको छ । आज दुनियाँका विकसित भनिएका मुलुकले शिक्षाको प्राविधिक पक्षलाई प्राथमिकता दिएकै कारणले समृद्धि हासिल गर्न सकेका हुन् ।

२. कुनैबेला, बालाजु प्राविधिक शिक्षालयबाट प्राविधिक बनेको भनेपछि देशभरी खोजीखोजी काम दिईन्थ्यो । उनीहरुको सीप बिदेशबाट अध्ययन गरेर आएका इन्जिनियर भन्दा कम थिएन । त्यस्तै जिरीमा पढेको भनेपछि बोलाएर जागिर दिने प्रचलन हामीले सुनेकै हो । यी त प्रतिनिधि उदाहरण मात्र हुन् । काम गर्ने सीप, दक्षता, क्षमता र लगनशीलताका श्रोत भनेकै प्राविधिक शिक्षा हो । घरमा स्नातक गरेका छोराछोरीले चिया पकाउनु पर्दा साक्षर आमा नै गुहार्ने स्थिति, तरकारीमा नुनको मात्रा मिलाउन नसकेको यथार्थता, विद्युतको फ्युज गएर बत्ति नबल्दा इलेक्ट्रिसियन बोलाउनु पर्ने, धारामा सामान्य समस्या आए प्लम्बर खोज्नु पर्ने, घरको टिभि नेट नचल्दा तत्काल प्राविधिक कहाँ दौडिनै पर्ने, रुघा लाग्दा मेडिकल सम्झिनै पर्ने, मोटरसाईकल तथा अन्य सवारी साधनमा सानो समस्याका कारणले सम्बन्धित प्राविधिक कहाँ हो भनेर तनाव ब्यहोरेका हामीमा अझै प्राविधिक शिक्षाको प्रारम्भिक तथा आधारभूत सीपमूलक कक्षाहरु अनिवार्य शिक्षामा जोडेर जान नसक्नु भनेको हाम्रो दुर्भाग्य मात्र नभई पछौटेपनको पराकाष्ठा नै हो । यी प्रकृतिका दैनिक जीवनका अत्यावश्यक सीपहरुको आधारभूत सीप प्रत्येक नागरिकलाई प्रदान गर्ने गरी शिक्षा ऐनमा नै उल्लेख हुनै पर्दछ ।

३. प्राविधिक शिक्षा विधिवत संचालनका लागि आवश्यक व्यवस्था गर्ने उद्देश्यले वि.सं. २०४५ सालमा तत्कालीन सरकारले निर्माण गरेको कानूनबाट सिटिईभिटि स्थापना भएको हो । यसले सिटिईभिटिका आंगिक र सम्बन्धन प्राप्त संस्थाहरु मार्फत शिक्षा प्रदान गरिरहेको छ । आंगिक अन्तर्गत सिटिईभिटिकै पूर्ण अनुदानमा संचालित शिक्षालयहरु पर्दछन् । सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) अन्तर्गत सरकारी विद्यालयमा संचालित प्राविधिक शिक्षा भन्ने बुझिन्छ । नीजि क्षेत्रमा संचालित प्राविधिक शिक्षालयहरु सिटिईभिटिबाट स्वीकृति प्राप्त संस्थाहरु हुन् । सिटिईभिटिकै वेभसाईटको पछिल्लो तथ्याङ्क अनुसार, आंगिक प्रकृतिका शिक्षालय तथा तालिम केन्द्रहरु ६३ वटा छन् । अर्को, सम्बन्धन प्राप्तमा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) भनिन्छ । यो प्रकृतिका स्कूलहरु ५७२ वटा पुगिसकेका छन् । अनि, सिटिईभिटिकै स्वीकृतिमा ४२९ वटा नीजि संस्थाहरु संचालित छन् भने सिटिईभिटिका पार्टनरसीप अन्तर्गत ४२ वटा संस्थाहरु संचालनमा भएको जनाइएको छ । यसरी कूल ११०६ वटा प्राविधिक शिक्षालयहरुले ८० भन्दा बढि प्राविधिक विषयहरुमा शिक्षा प्रदान गर्दै आइरहेको भनिएको छ । साथै, बहुप्राविधिक शिक्षालयहरु ५ वटा निर्माणाधिन पनि रहेका छन् । सिटिईभिटि अर्थात प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत मूलतः तीन प्रकारका प्राविधिक शिक्षा प्रदान गरिँदै आएको पाईन्छ ।

क. टिएसएलसी (एसएलसी/एसईई वा सो सरह पश्चात १५ महिने कोर्स र ३ महिना ओजेटी । यो तालिममा आधारित नन एकाडेमिक । मूल विषयहरु (कृषि, डेरी, विद्युत, पशु, स्वास्थ्य, ईन्जिनियरिङ, वन, प्रविधि, आईटी आदि ।

ख. डिप्लोमा (एसएलसी/एसईई वा सो सरह पश्चात ३ वर्षे कोर्स । यो लेभल उत्तीर्ण भनेको कक्षा १२ वा सो सरह समकक्षता प्रदान भएको प्रयोगात्मक र एकाडेमिक कोर्स । मूल विषयहरु (कृषि, पशु, डेरी, स्वास्थ्य, ईन्जिनियरिङ, वन, प्रविधि, आईटी, विद्युत आदि ।

ग. सीपमूलक तालिम (छोटो र लामो अवधिका तालिमहरु, कम्तिमा ३९० घण्टादेखि बढिमा १५०० घण्टासम्मका । मूल विषयहरु (कृषि, पशु, डेरी, स्वास्थ्य, ईन्जिनियरिङ, वन, प्रविधि, आईटी, विद्युत, होटल म्यानेजमेन्ट, श्रृंगार, फर्निचर/काठ तथा बाँसको सामग्री उत्पादन र निर्माण, सिलाई बुनाई, डकर्मी, व्यवसाय संचालन आदि ।

४. सिटिईभिटिको स्थापना र उद्देश्य नै प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तारसँग जोडिएको बुझ्दा बुझ्दै यस्को अघोषित विघटन गर्ने मनसाय हो वा अर्को कुनै भित्रि कारणले गर्दा विकल्प खोजी सोही उद्देश्यका लागि वि.सं. २०७० सालमा तत्कालिन शिक्षा विभागले सामुदायिक स्कूलहरुमा कक्षा ९ देखि १२ कक्षासम्म प्राविधिक कक्षा संचालनको नीति कार्यान्वयनमा ल्याएको हो । नेपाल सरकारले वि.सं. २०७५ जेठ ६ गते शिक्षा विभागको नाम परिवर्तन गरी शिक्षा तथा मानव श्रोत विकास केन्द्र निर्णय गरे पश्चात पनि सरकारी स्कूलको प्राविधिक धारलाई निरन्तरता दिईयो । यस अन्तर्गतका विद्यालयहरुमा प्रशिक्षक दरबन्दी, प्रशासनिक तथा प्रयोगशाला लगायतका अनुदान सरकारले उपलब्ध गराउने भएकाले आकर्षण बढेको पाईन्छ । एकातिर, सरकारी अनुदान, अनि अर्कोतर्फ विद्यार्थीका लागि अवधिको कोणबाट सिटिईभिटिको भन्दा एक वर्ष कममा उक्त कोर्ष पूरा हुने भएकाले पनि धेरै विद्यालयहरु ९-१२ कक्षाको प्राविधिक धार संचालनमा दौडधुप नै गरेको देखियो । सरकारले पनि हरेक पालिकामा कम्तिमा १ प्राविधिक स्कूल भन्ने नारा नै ल्यायो । यो प्रकृतिका कक्षाहरु हाल १५९१ स्कूलहरुमा संचालन भइरहेको उल्लेख गरिएको छ । यस अन्तर्गत पनि सिटिईभिटिको डिप्लोमा झैं मूल विषयहरु कृषि, पशु, डेरी, ईन्जिनियरिङ, वन, प्रविधि, आईटी, विद्युत आदि विषयहरु अध्ययन अध्यापन हुँदैं आएको छ । अनमी, अहेव, हेअ, स्टाफ नर्स लगायतका स्वास्थ्य विषय भने यो प्रकृतिका सरकारी विद्यालयमा संचालन भएको पाईंदैन ।

६. अन्तमा, विद्यार्थीको अभावकै कारणले पछिल्ला वर्षहरुमा प्राविधिक शिक्षालयहरु संकटमा रहेको पाईन्छ । गएको वर्ष मात्रै पनि ३० भन्दा बढि शिक्षालयहरु बन्द नै भएको सिटिईभिटिले जनाएको छ । ईन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकमा बी.ई.मा तोकिएको कोटा नै रिक्त भएको समाचार बाहिर आएकै हो । यस वर्ष अझ धेरै शिक्षालयहरु खाली हुने संकेत एसईईको नतिजाबाट स्पष्ट भएकै छ । सिटिईभिटिको ३ वर्षे डिप्लोमा कोर्षका कारणले पनि विद्यार्थीको आकर्षण यतातर्फ घटेको भन्दा बिमति नहोला । सिटिईभिटिका पाठ्यक्रम, परीक्षा प्रणाली, प्रशासनिक संरचना र अरु धेरै कुराहरु सुधार्नै पर्ने स्थिति छ । अन्यथा यो संस्था आफैं विघटन हुनेमा शंका छैन । विद्यालय तहको प्राविधिक शिक्षालाई एकै छाता मुनी संचालन गर्ने सवाल आजको मुख्य मुद्दा हो । प्रदेश सरकार अन्तर्गत संचालन तथा व्यवस्थापनका लागि सिटिईभिटिको पुनर्संरचना गरी प्राविधिक शिक्षाको अभिभारा ऐन कानूनमै किटानी उल्लेख गर्नु सान्दर्भिक हुने विषयमा सम्बन्धित जिम्मेवार तहको ध्यानाकर्षणका लागि यो आलेख प्रस्तुत गरिएको छ ।

(लामिछाने सेवानिवृत्त शिक्षक हुनुहुन्छ ।)

पेन्क्रियाज क्यान्सर कसरी हुन्छ, के छ उपचार ?

डा.समिम अख्तर



पेन्क्रियाज ग्रन्थी सानो आन्द्राको सुरुको 'डुवोडेनम' नजिकै अवस्थित हुन्छ । यो हेर्दा लाम्चो आकारको बोसोको डल्लो जस्तो देखिन्छ ।

वयस्क पुरुष र महिलामा करिब ५-६ इन्च लामो आकारको हुन्छ । पेनक्रियाजको बनावटअनुसार टाउको, मध्यभाग र पुच्छर तीन भागमा वर्गीकरण गरिएको छ ।

पेन्क्रियाजले के गर्छ ?

पेन्क्रियाजले खाना पचाउन रसायन (पेन्क्रियाटिक जुस)को उत्पादन गर्छ । इन्सुलिन र ग्लुक्यान उत्पादन गर्छ । यसको काम भनेको शरीरमा ग्लुकोज (चिनी)को मात्रालाई नियन्त्रित गर्नु हो । इन्सुलिनले हामीले खाएको खानालाई ऊर्जामा रूपान्तरण गर्न मद्दत गर्छ ।

कुनै कारणवश सो पेन्क्रियाज ग्रन्थीमा संक्रमण भएमा यसलाई पेन्क्रियटाइटिस भनिन्छ । जसलाई हामी पेन्क्रियाजको क्यान्सर भन्छौं ।

यो क्यान्सरमा पेन्क्रियाजका कोषिकाहरु हुर्किने, बढ्ने क्रम र विभाजित हुने प्रक्रियामा त्रुटि र खराबी आउँछ ।

कारक तत्व

- *चुरोट र सुर्तीजन्य पदार्थको सेवन गर्ने बानी*
- *मधुमेह र पुरानो पेन्क्रियाटाइटिस भएको अवस्था*
- *मोटोपन तथा परिवारमा अन्य सदस्यलाई क्यान्सर पुष्टि भएको अवस्था*
- *वंशाणुगत सम्बन्धित रोगहरुको लक्षण (जस्तो- एमईएन, सिन्ड्रोम, एचएनपीसीसी जस्ता सिन्ड्रोम ।)*

के कस्ता लक्षण देखिन्छन् ?

क्यान्सरको सुरुको अवस्थामा लक्षण नदेखिन सक्छ । केही समयपछि भने केही लक्षण देखाउँछन् । ती हुन् ।

- *पेटको मध्य तथा माथिल्लो भागमा दुखाइ*
- *जन्डिस (छाला र आँखाको पहेंलोपन)*
- *गाढा रंगको पिसाब जानु*
- *सेतो रंगको दिसा हुनु*
- *भोक नलाग्नु, तौल घट्नु*
- *थकान*

पहिचान

पेन्क्रियाजको क्यान्सरको पहिचान गर्न विभिन्न परीक्षण गरिन्छ ।

क्यान्सर स्टेजिङ : प्यान्क्रियाजभित्र र वरपरको क्षेत्रमा क्यान्सरको कोषिकाहरु फैलिएको छ कि भनेर पत्ता ल्याउने प्रक्रियालाई क्यान्सर स्टेजिङ भनिन्छ ।

क्यान्सर स्टेजिङ धेरै प्रकारका हुन्छन् ।

सीबीसी, एलएफटी : यसअन्तर्गत शरीरमा एचबी, डब्लुबीसी, पेटलेट, बिलुरुविन र कलेजोको रसायनहरु एलटी, एसटी, एलपी लगायत परीक्षण गरिन्छ ।

ट्युमर मार्कर : टयुमर मार्कर जस्तै सीए-१९-९ र सीइएको परीक्षण गरिन्छ । प्यान्क्रियाजको क्यान्सरमा यी तत्व बढेका हुन्छन् ।

एमआरआई : यो प्रविधिमा चुम्बकीय तरंग यन्त्रबाट छिराएर पेटभित्रको प्यान्क्रियाजको मांसपेशीको बनावट र रोगको अवस्था हुबहु देखाउन सक्छ । यसमा नजिकका अरु सबै अंगको बारेमा स्पष्ट थाहा हुन्छ ।

सिटीस्क्यान : यो प्रविधिले क्यान्सरका दाग, घाउ र गाँठो पलाएको छ वा कुन ठाउँमा कस्तो अवस्थामा छ भन्ने देखाउँछ । साथै, क्यान्सरको आकार, संख्या, वर्ग, गहिराइ र संलग्न अंगबारे महत्त्वपूर्ण जानकारी लिइन्छ ।

अल्ट्रा सोनोग्राफी : भिडियो एक्स-रे मार्फत ध्वनि तरंगको प्रयोगबाट प्यान्क्रियाजबारे सामान्य जानकारी लिन सकिन्छ । यो ध्वनि तरंग प्रविधिले मानव शरीरलाई कुनै हानि नोक्सानी गर्दैन । यो पूर्ण सुरक्षित छ ।

पेटको सिटीस्क्यान : यो प्रविधिमा विकिरणयुक्त चिनी (फलुओरोडी अक्सिग्लुकोज)को प्रयोगसँगै सिटीस्क्यान गरिन्छ । यसबाट शरीरमा लुकेर बसेका क्यान्सर र क्यान्सर कोषिकाहरूले प्रभावित पारेका अंगहरुको पहिचान हुन्छ ।

इन्डोस्कोपिक अल्ट्रासाउन्ड : यो प्रक्रियामा एउटा सानो मसिनो ट्युब कलेजोबाट पित्तथैलीमा र त्यहाँबाट

...बाँकी पृष्ठ ३ मा

बस्नेत महिनाको उत्कृष्ट प्रहरी घोषित

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय बाराले प्रहरी निरीक्षक किसन बस्नेतलाई महिनाको उत्कृष्ट प्रहरी घोषित गरेको छ । जिल्ला प्रहरी कार्यालय बारामा प्रहरी निरीक्षक बस्नेतलाई साउन महिनाको उत्कृष्ट प्रहरी घोषित गर्दै सम्मानपत्र प्रदान गरेको हो ।

इलाका प्रहरी कार्यालय कोल्हवीमा कार्यरत बस्नेतले गत साउन १८ गते व्यक्तिगत जग्गामा अनाधिकृत रुपमा हुल हुज्जत गरेर जग्गाधनी तथा किसानहरुलाई धम्की दिई आक्रमण गरी खेतबारी कब्जा गर्न खोज्ने ७ जना व्यक्तिलाई पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याएका थिए । यस्ते, साउन ३१ गते ५ वर्षको बालिकालाई जबरजस्ती करणी गरेको आरोप लागेपछि लुकीछिपी बसेका व्यक्तिलाई बस्नेतले पक्राउ गरी मुद्दा दर्ता गर्नुभएको छ ।

प्रहरी निरीक्षक बस्नेतले आफू रहेको कार्यालयमा आफ्नो मातहतमा कार्यरत रहेका प्रहरी कर्मचारीहरुलाई परिचालन गरी आफ्नो वडाका ठाउँहरुमा विभिन्न समयमा सिर्जित झै-झगडा तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। सेवाग्राहीहरुलाई सहज तरिकाले सेवा प्रदान गरी विभागीय नीति निर्देशनलाई पूर्णरुपमा पालना गर्दै आफूलाई सुम्पिएको जिम्मेवारी कुशलताका साथ सम्पादन गरेकाले उत्कृष्ट कार्यको कदरस्वरूप प्रहरी निरीक्षक बस्नेतलाई पुरस्कृत गरेको प्रहरीले जानकारी दिएको छ ।

सप्ताहव्यापी कार्यक्रम गरेर कृष्ण जन्माष्टमी मनाइँदै

समाज संवाददाता

हेटौंडाः कृष्ण जन्माष्टमीको अवसरमा सप्ताहव्यापी कार्यक्रम भइरहेको छ । श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल 'मुलमिलावा धाम' हेटौंडा उपमहानगर पालिका-६, गौरीटारले विविध कार्यक्रमको आयोजना गर्दै सप्ताहव्यापीरुपमा कृष्ण प्राकट्य उत्सव २०८१ मनाइरहेको हो ।

परिषद्ले भदौ ४ गते मंगलबार देखि १० गते सोमबारसम्म विभिन्न कार्यक्रमको आयोजना गरेको परिषद्का अध्यक्ष प्रदीप बास्तोलाले जानकारी दिनुभयो। परिषद्ले गत मंगलबार हेटौंडा-१५, रातोमाटेस्थित दिव्य निकेतन सेवा आश्रममा विभिन्न खाद्यान्न सामग्री वितरण गरेको थियो । बुधबार परिषद्ले विभिन्न ब्यानर टाँसेर मुलमिलावा धामको प्रचार गरेको थियो । बिहीबार परिषद्ले हेटौंडा-६, गौरीटारस्थित प्रणामी चोकमा रक्तदान कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रममा २९ जनाले रक्तदान गरेका छन्।

यस्तै, आज शुक्रबार मुलमिलावा धाममा अन्तरविद्यालय वक्तृत्वकला प्रतियोगिताको आयोजना गरिएको छ । कार्यक्रममा ११ वटा विद्यालयका २२ जना विद्यार्थी सहभागी हुने अध्यक्ष बास्तोलाले बताउनुभयो। परिषद्ले शनिबार गौरीटार मुलमिलावा धाममा स्वास्थ्य शिविर र स्लो बाइक रेसको आयोजना गरेको छ।

आइतबार मन्दिर सरसफाई कार्यक्रमको आयोजना गरेको छ भने अन्तिम दिन सोमबार जन्माष्टमी भव्यरुपले मनाउने भएको छ। बास्तोलाका अनुसार परिषद्ले सप्ताहव्यापी कार्यक्रमका लागि २ लाख रुपैयाँको हारहारीमा बजेट विनियोजन गरेको छ ।

बारा प्रहरीद्वारा...

राति ११ बजेर ५० मिनेटको समयमा बाराको जीतपुर सिमरा उपमहानगरपालिका-१ स्थित पथलैया चोकमा वीरगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको ना ३ ख ७३४२ नम्बरको ट्रकबाट ६६ लाख ९० हजार १ सय ३० रुपैयाँ बराबरको कपडा, ग्लास, फोटो पिक्चर, लेडिज सुट, रिबन, पूजा सामग्री तथा अन्य खुद्रा सामान बरामद गरेको छ। उक्त तीन वटा ट्रक र सामानलाई नियन्त्रणमा लिएर आवश्यक कारबाहीको लागि आन्तरिक राजश्व कार्यालय पथलैया पठाएको प्रहरीले जनाएको छ ।

जोन स्मृति फुटबल

मिसन-८४ र लामिटारको विजयी सुरुवात

समाज संवाददाता

मनहरीः मकवानपुरको मनहरी गाउँपालिकामा जारी प्रथम संस्करणको जोन राना मगर स्मृति खुला नकआउट फुटबल प्रतियोगिताको दोस्रो दिनको पहिलो खेलमा मिसन-८४ क्लबले विजयी सुरुवात गरेको छ । बिहीबार गाउँपालिकाको जोगीताल खेलमैदानमा भएको खेलमा मिसन-८४ ले विजयुन एफसीलाई २-० गोल अन्तरले पराजित गरेको हो ।

मिसन-८४ को जीतमा पहिलो हाफमा पेनाल्टीमार्फत् विकल्प उप्रेतीले एक गोल गरेका छन् । दोस्रो हाफको १२ औं मिनेटमा अपिल रेग्मीले थप एक गोल गर्दै टिमलाई जीत दिलाएका हुन् । खेलको म्यान अफ द म्याच राजन पाण्डे घोषित भएका छन् ।

यस्तै, बिहीबार भएको दोस्रो खेलमा चितवन जिल्लाको भरतपुर महानगर पालिकालाई हराउँदै मनहरी गाउँपालिकाको लामिटार विजयी भएको छ। भरतपुरलाई २-१ गोलले हराउँदै लामिटारले विजयी सुरुवात गरेको हो। लामिटारबाट विशाल प्रजा र शिव राईले समान एक-एक गोल गरेका छन । यता भरतपुरबाट राजेश पौडेलले मात्र गोल फर्काउन सफल भएका हुन् । खेलको म्यान अफ द म्याच प्रजा घोषित भए ।

सयपत्री युवा क्लबको आयोजनामा गाउँपालिका वडा नम्बर-६ स्थित जोगीताल खेल मैदानमा सुरु भएको प्रतियोगितामा २१ टिमको सहभागिता रहेको छ। प्रतियोगिताको फाइनल खेल भदौ १७ गते हुनेछ ।

२०७२ सालको भूकम्पमा परेर निधन भएका जोन राना मगरको स्मृतिमा क्लबले यस वर्षबाट प्रतियोगिता आयोजना गरेको हो। प्रतियोगिताका लागि प्रथम पुरस्कारको प्रायोजन स्वर्गीय जोनका दाजु जकै राना मगरले गर्नुभएको छ भने द्वितीय पुरस्कारको प्रायोजन सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहले गरेको बताइएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ ।

डेंगु संक्रमितको संख्या बढ्दै

समाज संवाददाता

हेटौंडाः नेपालभर डेंगु संक्रमितको संख्या बढ्दै गएको छ । नेपालको केहि स्थानमा डेंगुको जोखिम बिस्तारै बढिरहेको पाइएको छ । मकवानपुर जिल्लामा बिहीबारमात्र १० जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

डेंगु पुष्टि हुनेमा ९ जना हेटौंडा उपमहानगरपालिकाका बासिन्दा रहेका छन् भने एक जना मकवानपुरगढी गाउँपालिकाका रहेका छन् । जनस्वास्थ्य कार्यालय मकवानपुरको तथ्याङ्कअनुसार साउन महिनादेखि हालसम्म जिल्लामा एक सय ३० जनामा डेंगु पुष्टि भइसकेको छ । जिल्लाको हेटौंडा उपमहानगरपालिकामा सबैभन्दा बढि डेंगु संक्रमण पुष्टि भएको छ । हेटौंडामा मात्र ९४ जनामा डेंगु संक्रमण पुष्टि भएको हो ।

यस्तै, मनहरी गाउँपालिकाका १५ जना, मकवानपुरगढी गाउँपालिकाका ७ जना, बकैया गाउँपालिकाका ५ जना, भीमफेदी गाउँपालिकाका ३ जना एवम् बागमती र कैलाश गाउँपालिकाका एक-एक जनामा डेंगु संक्रमण पुष्टि भइसकेको तथ्याङ्कमा उल्लेख छ । मकवानपुर जिल्लाका इन्द्रसरोवर गाउँपालिका, थाहा नगरपालिका र राक्सिराङ गाउँपालिकामा मात्र डेंगु देखिएको छैन। ठेगाना नखुलेको एक जना र अन्य जिल्लाबाट ३ जनामा डेंगु पुष्टि भएको छ ।

यस्तै, बागमती प्रदेशमा बुधबार २६ जनामा डेंगु पुष्टि भएको छ । बुधबार सबैभन्दा बढि चितवनमा १२ जनामा डेंगु संक्रमण पुष्टि भएको हो। काठमाडौंमा ९ जना र ललितपुरमा ५ जनामा डेंगु पुष्टि भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

बागमती प्रदेशमा साउनदेखि हालसम्म ९ सय ६१ जनामा डेंगु देखिएको छ । प्रदेशमा साउन महिनामा ७ सय ७६ जनामा डेंगु पुष्टि भएको थियो । भदौ महिनाको १ गतेदेखि ५ गतेसम्म एक सय ८५ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

प्रदेशमा सबैभन्दा बढि चितवनमा ४ सय ५९ जनामा डेंगु संक्रमण पुष्टि भएको छ। बढि डेंगु संक्रमण पुष्टि हुने दोस्रो र तेस्रो स्थानमा क्रमशः काठमाडौं र मकवानपुर जिल्ला छन् । काठमाडौंमा २ सय १७ जना र मकवानपुरमा एक सय २० जनामा डेंगु देखिएको हो ।

यस्तै, ललितपुरमा ८७ जना, काभ्रेमा ४९ जना, भक्तपुरमा १७ जना, दोलखामा ८ जना एवम् नुवाकोट, रामेछाप, सिन्धुपाल्चोक र सिन्धुलीमा एक-एक जनामा डेंगु संक्रमण पुष्टि भएको छ । प्रदेशको रसुवा र धादिङ जिल्लामा अहिलेसम्म डेंगु संक्रमित भेटिएको छैन ।

पेन्क्रियाज क्यान्सर...

आन्द्रासम्म पसाएर निरीक्षण गरिन्छ । प्यान्क्रियाजको क्यान्सरले यदि पित्त बग्ने बाटो छेकेको भए त्यसलाई खुलाइन्छ। त्यहींबाट क्यान्सर कोषिकाको नमुना पनि लिइन्छ।

परक्युटानियस ट्रान्सहेप्टीक कोलानगियोग्राफी : यो प्रक्रियामा पेटमाथिबाट छालामा मसिनो सुई पसाएर कलेज, पित्त र प्यान्क्रियाजसम्मको परीक्षण गरिन्छ ।

ल्याप्रोस्कोपी : यो प्रक्रियामा पेटको छालामाथिबाट भित्रसम्म तीनदेखि चारवटा प्वाल पारिन्छ। भिडियो क्यामरा सहितको उपकरण पेटमा छिराई नमुना लिएर विस्तृत रूपमै निरीक्षण गरिन्छ ।

बायोप्सी : झिकिएको क्यान्सरको मांसपेशीको नमुनालाई दूरबीनको सहायताले प्रत्यक्ष परीक्षण गरिन्छ । यसबाट क्यान्सरको वास्तविक निदान हुन्छ ।

क्यान्सरका चरण

चरण शून्य : असामान्य कोषिकाहरु प्यान्क्रियाज ग्रन्थीभित्र भेटिन्छन् । यो कोषिका भविष्यमा पूर्ण रुपमा क्यान्सरमा परिणत हुनसक्छन् ।

पहिलो चरण : चार सेन्टिमिटर आकारको टयुमर प्यान्क्रियाजभित्र फेला पर्छ, जुन पूर्ण रुपमा क्यान्सर हुन्छ ।

दोस्रो चरण : चार सेन्टिमिटर भन्दा ठूलो आकारको टयुमर वा कुनै पनि आकारको टयुमर नजिकैको गाँठोमा सरेको हुन्छ ।

तेस्रो चरण : कुनै पनि साइजको ट्युमर बन नजिकैको चार भन्दा धेरै गाँठोहरुमा र रक्तनली तथा पित्तथैलीसम्म सरिसकेको हुन्छ ।

चौथो चरण : कुनै पनि आकारको ट्युमर जुन अन्य अंगमा फैलिएको अवस्थालाई जनाउँछ । जस्तै- फोक्सो, कलेजो, पेटको भित्री भाग। यो अवस्थालाई मेटास्टाटिक क्यान्सर पनि भनिन्छ ।

उपचार विधि

शल्यक्रिया : प्यान्क्रियाज ग्रन्थीको टाउको, पित्तको थैली र आमाशय, सानो आन्द्राको केही भाग र पित्तनली काटेर फालिन्छ। यो शल्यक्रियापछि पनि बाँकी रहेका प्यान्क्रियाजको भागले इन्सुलिन र खाना पचाउने रसायनको स्राव गरिरहन्छ।

टोटल प्यान कियाटेकटोमी : यो शल्यक्रियामा प्यान्क्रियाज ग्रन्थी पूर्ण रुपमा काटेर झिकिन्छ ।

डिस्टल प्यान्कियाटेक्टोमी : यो शल्यक्रियामा प्यान्क्रियाज ग्रन्थीको बीचको अंश र पुच्छर काटेर झिकिन्छ । यदि क्यान्सर फियोमा फैलिएको छ भने त्यसलाई पनि झिकिन्छ ।

यदि शल्यक्रियाबाट पूर्ण उपचार सम्भव नहुने अवस्था छ भने विलियरी बाइपास राख्नुपर्ने हुन्छ ।

रेडिएसन थेरापी : यो प्रविधिको प्रयोगबाट विकिरण तरंगद्वारा क्यान्सरका कोषिकाहरुलाई नष्ट गरिन्छ ।

केमोथेरापी : क्यान्सरको घाउ, गाँठो र कोषिकाहरुलाई विषालु औषधिको प्रयोगबाट नष्ट गरिन्छ । यो औषधि उपचार एड्भान्स क्यान्सर अर्थात् फैलिसकेको क्यान्सर विरुद्ध गरिन्छ ।

टारमेटेड थेरापी : यी औषधिहरुले क्यान्सर कोषिकाहरुका आधारभूत संरचना इकाईलाई ध्वस्त पारेर क्यान्सरलाई नियन्त्रण वा नष्ट गर्छन् । यी औषधि केमोथेरापी भन्दा फरक र महंगा हुन्छन्।

प्यालिएटिभ थेरापी : पूर्ण रुपमा उपचार गर्न नमिल्ने क्यान्सरको दुखाइ नियन्त्रण गरिन्छ। क्यान्सरको असर कम गर्न औषधि दिइन्छ। *(स्रोत: अनलाईखबर)*

डिप्लोमा मेडिकल ल्याब टेक्नोलोजी र डिप्लोमा फिजियोथेरापी पूनः प्रवेश परीक्षा फारम सम्बन्धी सूचना

यस मकवानपुर टेक्निकल ईन्स्टिच्युट हेटौडामा शैक्षिक सत्र २०८१/०८२ का लागि डिप्लोमा मेडिकल ल्याब टेक्नोलोजी र डिप्लोमा फिजियोथेरापी संकायमा केहि सिट रिक्त रहन गएकोले पूनः प्रवेश परिक्षाको फारम खुलेको हुनाले मिति २०८१/०५/०७ गते देखि २०८१/०५/१३ गतेका दिन बेलुकी ५ बजे भित्र परीक्षा फारम बुझाउन हुन जानकारी गराईन्छ ।

मकवानपुर टेक्निकल ईन्स्टिच्यूट हेटौंडा
०५७-५२१८५२, ९८५५०१२८५२
अमिस सूवेदी
प्रिन्सिपल

हाम्रो सुमो सेवाको
नयाँ प्रस्तुती...
छिट्टै सञ्चालनमा आउँदै ।
Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा

२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-बीरगन्ज-हेटौंडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

भेष खड्गी, सञ्चालक
हाम्रो सुवो सेवा
हेटौंडा-४, मेनरोड (बलराम द्वास एण्ड सन्स पेट्रोल पम्प नजिकै)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौंडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौंडा
०५७-५९१०४०

Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)
BSc. CSIT
BCA
BBS
TU Affiliate
BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

पिप्ले युवा क्लबलाई थर्ड आईको साथ

थर्ड आईका सञ्चालक बेलप्रसाद खतिवडा र क्लब अध्यक्ष सुविन घिमिरे क्लबको जर्सी सार्वजनिक गर्नुहुँदै ।

समाज संवाददाता

हेटौँडाः आसन्न जिल्लास्तरीय लिग फुटबलमा सहभागी हुने पिप्ले युवा क्लबलाई थर्ड आई एजुकेशनल प्रालिको साथ रहने भएको छ । हेटौँडा-४, अजर अमररोडस्थित थर्ड आईले पिप्ले युवा क्लबलाई नगद २५ हजार रुपैयाँ र २५ हजार रुपैयाँ बराबरको खेल सामग्री सहयोग गर्ने भएको छ ।

पिप्ले युवा क्लबले मुख्य प्रायोजकको रुपमा थर्ड आईको साथ पाएको हो । थर्ड आई एजुकेशनल प्रालि जापानिज भाषा कक्षा तथा जापान जान चाहने विद्यार्थीलाई सहजीकरण गर्ने संस्था हो । बिहिबार पिप्ले-क्याम्पा रंगशालामा एक कार्यक्रमका बीच थर्ड आई एजुकेशनल प्रालिका सञ्चालक बेलप्रसाद खतिवडा र पिप्ले युवा क्लबका अध्यक्ष सुविन घिमिरेले संयुक्तरुपमा क्लबको जर्सी सार्वजनिक गर्दै सहयोग सम्बन्धमा जानकारी गराएको छ। प्रायोजक थर्ड आईको लोगो र नाम पिप्ले युवा क्लबले जर्सीमा राखेको छ । एक वर्षका लागि थर्ड आईले गरेको प्रायोजनप्रति खुसी व्यक्त गर्नुहुँदै क्लबका अध्यक्ष सुविन घिमिरेले क्लबलाई विश्वास गरेर प्राप्त सहयोगले लिगमा राम्रो नतीजा हासिल गर्न प्रोत्साहित गरेको बताउनुभयो।

थर्ड आईका सञ्चालक बेलप्रसाद खतिवडाले आफ्नो व्यवसायको प्रवर्द्धन समेत हुने र क्लबलाई सहयोग पनि पुग्ने गरी सहकार्यको प्रयास गरिएको बताउनुभयो । लोकप्रिय खेलको रुपमा फुटबलसँग जोडिन पाएकोमा खुसी व्यक्त गर्नुहुँदै उहाँले पहिलो चरणको सहकार्यसँगै आगामी दिनमा थप साथ र सहयोगका लागि पनि अग्रसर हुने बताउनुभयो ।

सहयोगसम्बन्धी घोषणा कार्यक्रममा वडा अध्यक्ष तथा पिप्ले युवा क्लबका पूर्वअध्यक्ष सुशील घिमिरेको पनि उपस्थिति रहेको थियो। बिहिबार नै हेटौँडा-५ स्थित रिगल हेटौँडा रिसोर्टका सञ्चालक विनोद भोम्जनले पनि पिप्ले युवा क्लबलाई २५ हजार रुपैयाँ सहयोग गर्नुभएको छ। पिप्ले युवा क्लबले लिगको तयारीका लागि सहयोग संकलनको प्रयास जारी राखेको अध्यक्ष घिमिरेले जानकारी दिनुभएको छ । ३ लाख रुपैयाँ भन्दा बढी बजेट आवश्यक रहेको र टिमको तयारी समेत भइरहेको अध्यक्ष घिमिरेले बताउनुभयो ।

मकवानपुर जिल्ला फुटबल संघले यही भदौ १४ गतेबाट जिल्ला लिग फुटबल आयोजना गर्दैछ। यसअघि भदौ ७ गतेदेखि सुरु गर्ने भनिएको जिल्ला फुटबल लिग प्रतियोगिता खराब मौसमका कारण एक साता सार्ने निर्णय भएको हो । जिल्ला लिगमा २८ वटा क्लबको सहभागिता रहने बताइएको छ । सहभागी टिमको संख्या बढी भएका कारण लिग-कम-नकआउट प्रणालीमा प्रतियोगिता सञ्चालन गर्ने तयारी भइरहेको छ ।

सेफ्टी ट्याङकीमा डुबेर मृत्यु

समाज संवाददाता

हेटौँडाः दोलखा जिल्लामा सेफ्टी ट्याङकीमा डुबेर एक पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा दोलखा जिल्लाको बिगु गाउँपालिका-४ स्थित लादुकका ५४ वर्षीय तीर्थ बहादुर तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

बुधबार दिउँसो २ बजेर ३० मिनेटको समयमा सोही ठाउँस्थित लिङ दोर्जा तामाङको घरमा सेफ्टी ट्याङकी सफा गर्न गएकोमा डुबेर तामाङको मृत्यु भएको हो। ३७ वर्षीय आइते तामाङसँग ट्याङ्की सफा गर्न गएका तामाङको डुबेर मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी टोली खटिएको थियो । तामाङको शव बुधबार राति ११ बजे पोष्टमार्टमका लागि पशुपति चौलागाई स्मृति अस्पताल दोलखामा लगिएको प्रहरीले जनाएको छ।

२९ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौँडाः श्री कृष्ण प्रणामी युवा परिषद् मुलमिलावा धाम हेटौँडा उपमहानगरपालिका-६, गौरीटारको आयोजनामा रक्तदान कार्यक्रम भएको छ। बिहिबार बिहान हेटौँडा-६, गौरीटार स्थित प्रणामीचोकमा भएको कार्यक्रममा २९ जनाले रक्तदान गरेका छन् ।

कार्यक्रममा ३ जना महिला र २६ जना पुरुषले रक्तदान गरेका रक्तसञ्चार केन्द्र हेटौँडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो। परिषद्ले कृष्ण प्राकट्य उत्सव २०८० को अवसरमा साताव्यापी कार्यक्रम गरिरहेको छ । परिषद्का केन्द्रिय उपाध्यक्ष प्रमोद वाग्लेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा अध्यक्ष प्रदिप बास्तौलाको सभापतित्व रहेको थियो । कार्यक्रममा केन्द्रिय सदस्य ईश्वर खतिवडाको विशिष्ट आतिथ्य रहेको थियो। रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।

यस्तै, शनिबार हेटौंडा-४ को कृष्ण मन्दिरमा रक्तदान कार्यक्रमको आयोजना गरिर्दैछ । आईतबार रोटरी क्लब अफ हेटौँडाले रक्तदान कार्यक्रमको आयोजना गर्दैछ ।

मुख्य न्यायाधिवक्ता काफ्लेद्वारा शपथ ग्रहण

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका मुख्य न्यायाधिवक्ता शुकदेव काफ्लेले पद तथा गोपनीयताको सपथ ग्रहण गर्नुभएको छ। बिहीबार प्रदेश प्रमुखको कार्यालय हेटौँडामा नवनियुक्त मुख्य न्यायाधिवक्ता काफ्लेले शपथ ग्रहण गर्नुभएको हो ।

प्रदेश प्रमुख दीपक प्रसाद देवकोटा र मुख्यमन्त्री बहादुर सिंह लामाको उपस्थितिमा मुख्य न्ययाधिवक्ता काफ्लेले शपथ ग्रहण गर्नुभएको हो । उच्च अदालत पाटनका मुख्य न्यायाधीश नृपध्वज निरौलाले मुख्य न्यायाधिवक्ता काफ्लेलाई शपथ ग्रहण गराउनुभएको हो । भदौ २ गते प्रदेश प्रमुख देवकोटाले नेपालको संविधानको धारा १६० को उपधारा (२) बमोजिम दोलखा जिल्लाको तामाकोशी गाउँपालिका-३ का काफ्लेलाई मुख्य न्यायाधिवक्ता नियुक्त गर्नुभएको थियो । मुख्यमन्त्री लामाको सिफारिसमा प्रदेश प्रमुख देवकोटाले काफ्लेलाई मुख्य न्यायाधिवक्तामा नियुक्त गर्नुभएको थियो ।

२५ वर्षदेखि कानून व्यवसायीको रुपमा कार्य गर्दै आइरहनुभएका काफ्लेले यसअघि पूर्व कानून तथा न्यायमन्त्री भीम बहादुर तामाङ र पूर्व महिला तथा समाज कल्याण मन्त्री लिला कोइरालाको सल्लाहकार भएर समेत काम गर्नुभएको थियो। नेपाल बार एसोसिएसनको सदस्य रहनु भएका काफ्ले नेपाल बार एशोसिएसन र काठमाडौं जिल्ला बारका विभिन्न समितिमा संलग्न भई काम गरिसक्नुभएको छ ।

धारिलो हतियार प्रहारबाट कार्की घाइते

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१०, बसपार्कमा धारिलो हतियार दाउको प्रहारबाट हेटौँडा-१, चाइनाक्वाटरका ७१ वर्षीय प्रेम बहादुर कार्की घाइते भएका छन्। बिहीबार बिहान ११ बजेर ५० मिनेटको समयमा हेटौँडा-१३, पदमपोखरीका ५३ वर्षीय अर्जुन गोम्जा र कार्कीबीच विवाद भएको थियो। गोम्जाले दाउले प्रहार गर्दा कार्कीको दायाँ कानमा गहिरो चोट लागेको छ। कार्कीलाई उपचारका लागि हेटौँडा अस्पताल लगिएकोमा थप उपचारका लागि बिहिबार साँझ ५ बजेर ४० मिनेटको समयमा भरतपुरस्थित पुरानो मेडिकल कलेज रिफर गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। धारिलो हतियार सहित गोम्जालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

विज्ञान प्रविधि नवप्रवर्तन सम्बन्धी विधेयक प्रमाणीकरण

समाज संवाददाता

हेटौँडाः श्री कृष्ण प्रणामी युवा परिषद् मुलमिलावा धाम हेटौँडा उपमहानगरपालिका-६, गौरीटारको आयोजनामा रक्तदान कार्यक्रम भएको छ । बिहिबार बिहान हेटौँडा-६, गौरीटारस्थित प्रणामीचोकमा भएको कार्यक्रममा २९ जनाले रक्तदान गरेका छन्।

कार्यक्रममा ३ जना महिला र २६ जना पुरुषले रक्तदान गरेका रक्तसञ्चार केन्द्र हेटौँडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो। परिषद्ले कृष्ण प्राकट्य उत्सव २०८० को अवसरमा साताव्यापी कार्यक्रम गरिरहेको छ । परिषद्का केन्द्रिय उपाध्यक्ष प्रमोद वाग्लेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा अध्यक्ष प्रदिप बास्तौलाको सभापतित्व रहेको थियो । कार्यक्रममा केन्द्रिय सदस्य ईश्वर खतिवडाको विशिष्ट आतिथ्य रहेको थियो। रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।

यस्तै, शनिबार हेटौंडा-४ को कृष्ण मन्दिरमा रक्तदान कार्यक्रमको आयोजना गरिर्दैछ। आईतबार रोटरी क्लब अफ हेटौँडाले रक्तदान कार्यक्रमको आयोजना गर्दैछ ।

बाढीपहिरोबाट जोगिऔं

जथाभावी सडक निर्माण, खोला उत्खनन् र वन विनाशले बाढी पहिरो निम्त्याउँने हुँदाः

- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं,
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू–क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं,
- बस्ती तथा समुदायको रक्षा गरौं
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं,
- घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं ।

बाढीपहिरोबाट आफू पनि बचौं,अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

"शिक्षामा स्वस्थ प्रतिस्पर्धा : हाम्रो प्रतिबद्धता"
भूटनदेवी माध्यमिक विद्यालय
(प्राविधिक शिक्षालय)
हेटौंडा-४, मकवानपुर
स्थापित : २०१६

शैक्षिक सत्र २०८० सालको कक्षा १२ को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थीहरुलाई हार्दिक बधाई साथै उज्ज्वल भविष्यको शुभकामना

SUSHIL DHUNGANA GPA : 3.54
SHIVSHANKAR KR. YADAV GPA : 3.49
RINKU KUMARI GPA : 3.45
RIJAN LAMICHHANE GPA : 3.43
PRATHAM ARYAL GPA : 3.43
SIRJANA ADHIKARI GPA : 3.43
CHET BDR. MUKTAN GPA : 3.41
PRINSA PULAMI GPA : 3.40
RUPESH YADAV GPA : 3.39
SAKSHI UPADHYAY GPA : 3.39
NIPSA TAMANG GPA : 3.37
OSHAMI BAL GPA : 3.35
RAJANI BANIYA GPA : 3.35
SUDIP KR. YADAV GPA : 3.33
SANDESH GHALAN GPA : 3.31
SANGIT DHAKAL GPA : 3.31
PABITRA BHATTA GPA : 3.31
AMRIT PUDASAINI GPA : 3.30

"बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी"
हेटौंडा उपमहानगरपालिका
१० नं. वडा कार्यालय
निकृष्ट बालश्रम, बालविवाह मुक्त, बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा समारोह तथा शैक्षिक प्रदर्शनी मेला
गर्न लागिएको हुँदा सम्पूर्ण बालबालिकाहरूको बाल अधिकार सुनिश्चितता गर्दै बालमैत्री स्थानीय शासनयूक्त वडाको दिगोपनामा अग्रसर हुन सम्पूर्ण वडाबासीहरुमा हार्दिक अनुरोध गर्दछौं ।
मिति: २०८१ भाद्र ०८ गते, शनिबार
समय: बिहान १०:०० बजे
स्थान: सोलिड्यारीटी ईन्टरनेशनल एकेडेमी
आयोजक:
हेटौंडा उपमहानगरपालिका १० नं. वडा कार्यालय एवम्
बालमैत्री स्थानीय शासनयुक्त वडा
घोषणा मूल समारोह समिति